बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नं. : ५८

मिति २०८३/०२/१८

## मुहान दर्ता सम्वन्धी सूचना ।

प्रस्तुत बिषयमा चिसापानी सिरान नेपालीटोल खानेपानी उपभोक्ता समितिले बलेफी गाउँपालिका वडा नं. ५ मा चिसापानी सिरानमा रहेको पानीको मूल स्रोत भई खानेपानीको मुहान दर्ता गरि पाउँ भनि यस कार्यालयमा मिति २०८३।०२।१८ गते निवेदन दर्ता गरेकोमा बलेफी गाउँपालिकाको खानेपानी तथा जल उपभोक्ता सँस्था व्यवस्थापन कार्यविधि २०७९ को दफा ३ बमोजिम खानेपानीको मूल दर्ता गर्नुपर्ने भएकोले सो मुहान (मूलस्रोत) सम्वन्धमा कसैको हकदाबी भएमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालय वा वडा कार्यालय मार्फत हकदावी गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तोकिएको समयभित्र हकदावी पर्न नआएमा नियम बमोजिम मूहान (मूलस्रोत) दर्ता हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| क्र.सं. | उपभोक्ता सँस्था | ठेगाना | मुहानको नाम | मुहान रहेको स्थान |
|---|---|---|---|---|
| १ | चिसापानी सिरान नेपालीटोल खानेपानी उपभोक्ता समिति | बलेफी -५, नेपालीटोल, सिन्धुपाल्चोक | चिसापानी सिरान | बलेफी-५, चिसापानी सिरान |

..............................
(होम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४००५३८ इमेल: balephi2017@gmail.com वेबसाइट: https://www.balephimun.gov.np
फेसबुक: www.facebook.com/balephiruralmunicipality
"कृषि योग्य, व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ"